# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रीय कार्यालय Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**

## प्रेस-नोट

१६ असार, २०७७

### सवारी दुर्घटनामा भएको निधनप्रति गहिरो दुःख व्यक्त ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को सन्दर्भमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपालको सहकार्यमा गठित जिल्लास्तरीय मानव अधिकार अवस्था अनुगमन समिति, मकवानपुरका अध्यक्ष डा. कृष्णप्रसाद धिताल चढेको सवारीसाधन नारायणगढ-मुग्लिन खण्डमा २०७७ असार १५ गते भएको दुर्घटनामा उहाँकी धर्मपत्नी प्रभा गौतम तथा छोरा अनुज धितालको हुन गएको दुखद् निधनप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ । यस दुःखद् घडीमा आयोग दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सवारी दुर्घटनामा परी घाइते भएका डा. धिताल, निजकी छोरी वर्षा धिताल र सवारी चालक राजन घिमिरेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

डा. कृष्णप्रसाद धितालले कोभिड-१९ को सन्दर्भमा मकवानपुर जिल्लाको मानव अधिकार अवस्थाको प्रभावकारी अनुगमन गरी पुऱ्याउनु भएको योगदान तथा २०७२ सालको विनाशकारी भूकम्पबाट उत्पन्न परिस्थितिमा आयोगद्वारा गठित जिल्लास्तरीय मानव अधिकार अनुगमन मोबाइल क्याम्पको समेत संयोजकको रुपमा रही आयोगलाई पुऱ्याउनुभएको सहयोगको पनि आयोग स्मरण गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org